नेपाल सरकार
रक्षा मन्त्रालय
नेपाली सेना

फोन नं.: ०६७ ४२०१५७
E-Mail : ranadalgulma058@gmail.com

श्री रणदल गुल्म,
गोदाम व्यारेक, पर्वत ।

श्री रणदल गुल्म २०५८

प.सं.: १४६८०/लेखा/९/०७४/७५/१५

मिति:२०७४/०८/११ गते

श्री साबित्री घिमिरे (कार्की),
श्री भुवनेश्वरी इन्टरनेशनल प्रा.लि.,
ईमाडोल ४ ललितपुर ।

**<u>बोलपत्र स्वीकृती भएको सम्बन्धमा</u>**

१. यस गुल्म र यस गुल्ममा राशन अट्याच रहेको सुरक्षा से.मू.बेतनी पोष्टमा कार्यरत सकल दर्जाहरुको लागि राशन आपूर्ति कार्यको निमित्त श्रीआपूर्ति तथा परिवहन निर्देशनालय, जंगी अड्डाबाट मिति २०७४/०६/२६ गते राष्ट्रिय दैनिक गोरखापत्रमा प्रकाशित भएको बोलपत्र आव्हानको सूचना नं.२ राशन आपूर्ति गर्ने सम्बन्धमा त्यस प्रा.लि.ले मिति २०७४/०७/२७ गते यस गुल्ममा पेश गरेको शिलबन्दी बोलपत्र अनुसार त्यस प्रा.लि.को १३ प्रतिशत **मूल्य अभिबृद्धि कर सहितको कबोल अंक रु.९७,७३,०४८।२८४** (सन्तानव्बे लाख त्रिहत्तर हजार अठ्चालिस रुपैया पैसा दुई सय चौरासी) बोलपत्र स्वीकृत भएको जानकारी गराउदछौ ।

२. सम्झौता रकमको ५ प्रतिशतले हुने रकम रु.४,५०,०००।०० (चार लाख पचास हजार) हुने भएकोमा सार्वजनिक खरिद ऐन २०६३ (पहिलो संशोधन अध्यादेश २०७३) बमोजिम दफा २७ को उपदफा (४) मा “जमानत दाखिला गर्दा बोलपत्रदाताले लागत अनुमान भन्दा पन्ध्र प्रतिशत सम्म कम अंङ्क कबुल गरेमा कबुल अंङ्कको पांच प्रतिशत र लागत अनुमानको पन्ध्र प्रतिशत भन्दा बढी घटेर कबुल गरेको अवस्थामा पन्ध्र प्रतिशत भन्दा जति रकमले घटी कबुल गरेको छ, सोको **पचास प्रतिशत**ले हुन आउने रकम कबुल अंङ्कको पांच प्रतिशतमा थप गरि कार्य सम्पादन जमानत वापत दाखिला गर्नु पर्नेछ ।” भनी थप भएको प्रावधान अनुसार कार्य सम्पादन दाखिला गर्न लगाउनु पर्नेछ। भनी उल्लेख भएको हुदा सोही अनुसारको कार्य सम्पादा जमानत पेश गर्नु पर्नेछ।

३. **नेपाल राष्ट्र बैंकबाट “क” श्रेणीको ईजाजत पत्र प्राप्त बाणिज्य बैंक**ले जारी गरेको कम्तिमा १३ (तेह्) महिना सम्म मान्य अवधी भएको कार्य सम्पादन जमानत सहित **१५** (पन्ध्र) दिन भित्र यस गुल्म गोदाम व्यारेक, कुश्मा पर्वतमा पेश गरी सम्झौता गर्न आउनु अनुरोध गरिन्छ ।

४. उपरोक्त बमोजिम कार्य सम्पादन जमानत पेश गरी सम्झौता गर्न (न) नआउनु भएमा तपाईले बोलपत्र साथ पेश गरेको बोलपत्र जमानत जफत गरिनेछ ।

(मदन जंग कार्की)
सेनानी
गुल्मपति

<u>बोधार्थ:</u>
श्री सार्वजनिक खरिद अनुगमन कार्यालय, ताहाचल, काठमाण्डौ ।
श्री प्रधानसेनापतिको सैनिक सहायक अड्डा, जंगी अड्डा, काठमाण्डौ ।
श्री प्रवन्धरथीको कार्यालय, जंगी अड्डा, काठमाण्डौ ।
श्री आपूर्ति तथा परिवहन निर्देशनालय, जंगी अड्डा, काठमाण्डौ ।
श्री पश्चिम पृतना हे.क्वा., विजयपूर व्यारेक,पोखरा ।
श्री नं.२३ बाहिनी अड्डा, शेराडिल व्यारेक,बाग्जूङ्ग ।